महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ५ अङ्क :- १९ महिना :- भदौ, २०७२

## प्रादेशिक सीमाङ्कनको आन्दोलन, दुई बालकको हत्या

२०७२ को भदौ महिनामा मुलुकभर महिला र बालबालिकामाथि सात वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार २ वटा रहेका छन् भने तराईका आन्दोलनमा सयभन्दा बढी महिला घाइते भएको पाइएको छ ।

बालबालिकासँग सम्बन्धित ५ वटा घटनाका समाचार प्रकाशित छन् । प्रकाशित समाचारमा महिला बलात्कार तथा मधेश आन्दोलनमा घाइते भएका घटनाहरु रहेका छन् । त्यसैगरी बालबालिका सम्बन्धी घटनामा बालिका हत्या र बलात्कृत भएको समाचार प्रकाशित भएका छन् ।



भदौमा संविधानमा सीमाङ्कनका विषयमा सबै राजनीतिक दल, पत्रकार, नागरिकहरुको ध्यान नयाँ संविधान जारी गर्नेतर्फ केन्द्रित भएको देखिन्छ। हरेक दिन सबै पत्रपत्रिकामा संविधानसम्बन्धी समाचार, विचार तथा लेखहरु प्रकाशित भएका कारण महिला र बालबालिकासम्बन्धी हिंसाका घटना कम प्रकाशित भएको अनुमान गर्न सकिन्छ।

देशका विभिन्न जिल्लामा प्रादेशिक सीमाङ्कन तथा नयाँ संविधानकाको विषयलाई लिएर भएको आन्दोलनमा हिंसात्मक तथा अमानवीय ढङ्गका गतिविधिहरु भएको र एक २ वर्षे बालकको पनि हत्या भएको छ । आफ्ना मागहरु शान्तिपूर्ण रुपमा राख्न पाउने संविधानप्रदत्तः प्रावधानको उपयोग गर्दै शान्तिपूर्ण आन्दोलनको आयोजना तथा सहभागिता नागरिकको अधिकार हो । तर आन्दोलन हिंसात्मक हुनुका साथै घरमा सुतिरहेको २ वर्षे बालकलाई गोली हानी हत्या गरिएको छ । शान्तिसुरक्षामा खटिएका प्रहरीमाथि शान्तिपूर्ण प्रदर्शनका नाममा भेला भएका मानिसहरुबाट साङ्घातिक आक्रमण भएको छ, आन्दोलनका क्रममा प्रहरी तथा आन्दोलनकारीहरु मारिएका छन् ।

सीमाङ्कन तथा नयाँ संविधानको विरोधमा २५ साउनयता देशका विभिन्न भागमा भएका विरोध प्रदर्शनमा ज्यान गुमाउनेको संख्या ४४ रहेको छ । जसमध्ये दुई नाबालक, चार किशोर/किशोरी, ११ सर्वसाधारण, ११ सुरक्षाकर्मी र २२ जना प्रदर्शनकारी रहेका छन् । त्यसैगरी सयौको संख्यामा महिलाहरु पनि सामान्य घाइते भएका छन् । [1]

संविधान निर्माणका क्रममा अघि बढिरहेको अवस्थामा यस किसिमका हिंसात्मक घटनाले नेपाली जनताले लामो संघर्षपश्चात् स्थापना गरेको लोकतान्त्रिक संघीय गणतन्त्रको अस्तित्व नै खतरामा पर्न सक्दछ । तसर्थ कुनै पनि समूह, राजनीतिक दल वा वर्गले आफ्नो जायज मागहरुको सुनुवाइ र सम्बोधन गर्न वार्ता र छलफलको बाटो नै अपनाउनु पर्ने आवश्यकता रहेको छ । शान्तिपूर्ण रुपमा राखिएका जायज मागहरुलाई वार्ता र संवादका माध्यमबाट सम्बोधन गर्नतर्फ राज्य तयार हुनुपर्दछ,। पछिल्ला दिनहरुमा आन्दोलनका नाममा स्कुले बालबालिकालाई लैजाने, विद्यायलहरु तोडफोट तथा बन्द गर्ने, बालबालिकामा मनोवैज्ञानिक त्रास सिर्जना गर्नेजस्ता घटनाहरु बढेका छन् ।

नयाँ संविधानको निर्माणसंगै संविधानमा आफ्ना माग सम्बोधन नभएको भन्दै मधेश आन्दोलनरत समूहहरुले देशका केही भागमा चक्काजाम, बन्द गर्नेजस्ता कार्यले सर्वसाधारण पीडित भएका छन् । यसको असर महिला र बालबालिकामा बढी परेको छ । आम नागरिकले मानवअधिकारको निर्वाध उपभोग गर्न पाएका छैनन् ।

[1] हिमाल खबर पत्रिका १०-१६ असोज २०७२

## प्रादेशिक सीमाङ्कन तथा जातीय राज्य माग गर्दै भएको हिंसात्मक घटनामा मारिएका दुई बालक





*सौजन्य : सामाजिक सञ्जाल*


जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।